# आर्थिक वर्ष २०८३/८४

# को

# बजेट बक्तव्य

## बडीकेदार गाउँपालिका, डोटी

## २०८३



Scanned with CamScanner

बडीकेदार गाउँपालिका गाउँ सभाको उन्नाइसौं अधिवेशनको दोश्रो बैठकमा

२०८३ साल असार १० गते बुधबारका दिन गाउँपालिका

उपाध्यक्ष **श्री डम्मरी कुमारी विष्ट कलेलले**

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/८४ को
# बजेट वक्तव्य

बडीकेदार गाउँपालिका

खड्यौली, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

www.badikedarmun.gov.np

यस गरीमामय सभाका सभाध्यक्ष महोदय, गाउँ सभा सदस्यज्यूहरु, यसं सभाका सचिव, विषयगत शाखा प्रमुख एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, समाजसेवी, बुद्धिजिवि, शिक्षक गुरुवर्ग, सुरक्षाकर्मी, पत्रकार मित्रहरु र उपस्थित सम्पूर्ण महानुभावहरु एवम् अन्य उपस्थित आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरु,

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १९ बमोजिम सभाध्यक्षको अनुमतिबाट यस बडीकेदार गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले बडीकेदार गाउँपालिका गाउँ सभाको उन्नाइसौं अधिवेशनको दोश्रो बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ती र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न काल खण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका आन्दोलन र राजनीतिक क्रान्ति एवं संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मानका साथै गहिरो सहानुभुति प्रकट गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि अथक योगदान दिने सम्पूर्ण आदरणीय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।
देश संघीय प्रणालीमा गइसकेपछी संघीयताको सिद्धान्त अनुरुप संवैधानिक व्यवस्था बमोजिम यसै गरिमामय सभाबाट हामी बजेट अधिवेशनमा प्रवेश गरिसकेका छौं ।

३. स्थानीय तहको दोस्रो कार्यकालका लागि २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन भई कार्यभार सम्हालेको चार वर्ष पूरा भइसकेको छ । यस समयावधिमा थुप्रै जनअपेक्षाहरुको सम्बोधन गर्ने प्रयास गरेका छौं र त्यसकै निरन्तरता स्वरुप आगामी आर्थिक वर्षको बजेट निर्माण गरेको छु ।

४. आगामी आर्थिक वर्षको बजेट, २०८२ साल भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलन र सोबाट भएको मानवीय एवं भौतिक क्षति र रुस-युक्रेन तथा इरान-अमेरिकी युद्धले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्दछ भन्ने तर्फ केन्द्रित भई बजेट विनियोजन भएको छ । यस अवस्थामा बडीकेदारवासी आम

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत



भैरव बहादुर साउँद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डडेल्धुरा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

नागरिकहरुको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दै तीव्र विकासको बाटोमा लैजाने गरी आवश्यक छलफल सहित सोही बमोजिम बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ ।

५. बजेट तर्जुमा भई कार्यान्वयनमा गइसकेपश्चात समेत विभिन्न समयमा राजस्व नउठेको लगायतका कारण देखाई सङ्घीय सरकारले अनुदान रोक्का राखे गरेको तितो यथार्थ हाम्रो सामु विद्यमान छ । सो तर्फ समेत मध्यनजर गर्दै भुक्तानी बाँकी नरहने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयत्न गरेको छु ।

६. मैले बजेट तयार पार्दा नेपालको संविधान, विद्यमान कानुनहरु, सोह्रौं पञ्चवर्षीय योजना, दीगो विकास लक्ष्यहरु, संघीय र प्रदेश सरकारका प्रमुख नीतिहरु तथा बडीकेदार गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि तय गरेका नीति तथा कार्यक्रमहरु र विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धता समेतलाई आधार बनाएको छु ।

७. बजेट तर्जुमाको सिलसिलामा संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक नीति, कानून, मार्ग निर्देशन, मापदण्ड तथा परिपत्रहरुका साथै विभिन्न समयमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा लेखा परीक्षण, विभिन्न प्रतिवेदन, गुरुयोजनामा औंल्याईएका गहनतम मार्गदर्शन, सुझाव र अध्ययन, अवलोकन भ्रमणबाट बोध भएका व्यवहारिक र वस्तुनिष्ठ सिकाइ तथा सफल अभ्यासलाई समेत ध्यान दिएको छु ।

सभाध्यक्ष महोदय,

अब म गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ आर्थिक गतिविधिको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. गत आर्थिक वर्ष २०८१/८२ मा निकासा प्राप्त अनुदान तथा आन्तरिक आम्दानी समेत गरी कुल रकम रु. ४० करोड ३६ लाख ६८ हजार ५ सय ४० मध्ये खर्च रु. ३४ करोड ३० लाख ५४ हजार भएको थियो । अघिल्लो आर्थिक वर्षमा पुरा हुन नसकेका योजना लाई सोहि रुपमा निरन्तरताका लागी बाँकि बजेट चालु बर्षमा खर्च गरिएको बेहोरा समेत उल्लेख गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउँद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
डडेल्धुरा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

ब म बडीकेदार गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को आर्थिक गतिविधि बजेट ार्यान्वयनको समीक्षा गर्ने अनुमति चाहान्छु ।

९. चालु आर्थिक वर्ष २०८२/८३ मा कुल खर्च रु ४४ करोड ५७ लाख ५४ हजार हुने अनुमान गरिएकोमा चालु आ.ब. को असार मसान्त सम्मको लागी रु. ४२ करोड ६३ लाख ३५ हजार खर्च हुने संशोधित अनुमान छ ।

१०. चालु आर्थिक वर्षमा राजश्व संकलन रु. ४९ लाख ६ हजार ८ सय नब्बे हुने अनुमान गरिएकोमा चालु आ.ब को असार मसान्त सम्ममा रू. ८७ लाख आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ ।

११. तथापी सङ्घीय सरकारले विविध कारण देखाई समानीकरण अनुदानको किस्तागत केही अंश भुक्तानी नदिन परिपत्र गरेकाले संशोधित अनुमानमा समेत फरक पर्न सक्ने अवस्था छ ।

**भाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन भएका केही उल्लेखनीय कार्यहरु निम्न बमोजिम भएको बेहोरा यहाँहरु समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

क) आ. व २०८२/०८३ सम्म यस बडीकेदार गा.पा को कृषि विकास शाखामा जम्मा १३५ वटा कृषक समूह दर्ता तथा यस आ.व सम्ममा १६४९ जना कृषकहरुको विवरण किसान सुचिकरण प्रणालीमा प्रविष्ट गरिएको छ ।

ख) बडीकेदार गाउँपालिकामा संचालित जलवायू परिवर्तन स्थानीय अनुकुलन परियोजना (LACC) अन्तर्गत १९ जना कृषकहरुलाई ३ दिने जलवायू अनुकुलन कृषि सम्वन्धि तालिम सञ्चालन गरिएको।

ग) मागमा आधारित कार्यक्रम अन्तर्गत बडीकेदार गाउँपालिका वडा नं ०३ मा एउटा सिचाई पोखरी निर्माण तथा स्याउ प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं ४ र ५ का ४ वटा कृषक समूह तथा फर्महरुमा ८०० वटा स्याउका बिरुवा वितरण गरि बगैचा स्थापना गरिएको छ ।

घ) बडीकेदार गाउँपालिका भित्रका ५ वटै वडाका २२५ जना कृषक, कृषक फर्म तथा कृषक समूहलाई उन्नतजातको तरकारीको विउ खरिद गरी वितरण।

ङ) बडीकेदार गाउँपालिका ५ वटै वडाका २०० जना कृषकलाई च्याउको विउ र प्लाष्टिक वितरण।

च) राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना तथा बडीकेदार गाउँपालिका कृषि विकास शाखाको समन्वयमा वडा नं-०४ मा सुन्तलाजात फलफुल सम्बन्धि कृषक पाठशाला संचालन।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत



भैरव बहादुर साउँद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

छ) कृषि ज्ञान केन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना र बडीकेदार गाउँपालिकाको समन्वयमा वडा नं १, २ र ४ मा सुन्तलाजात फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम संचालन भएको छ ।

ज) बडीकेदार गाउँपालिका भित्रका ५ वटै वडामा विभिन्न बालीका रोग किराका बारेमा प्राविधिक सल्लाह सुझाव तथा व्यवस्थापनका लागि जैविक तथा रसायनिक विषादी वितरण।

झ) भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको आयोजना र बडीकेदार गाउँपालिकाको सहकार्यमा यस गाउँपालिका भित्र १२५०० भेडाबाखालाई पि.पि.आर र ८००० भेडाबाखा लाई खोरेत रोग विरुद्ध खोप लगाइएको छ ।

ञ) पशुपन्क्षी उपचार तर्फः- ७५६ गाई/गोरु, ८८ भैंसी, ५६७५ भेडाबाखा, ८३० कुखुरा र २१ वटा बङगुरको विभिन्न रोगको उपचार गर्नुका साथै पालिकाभित्रका ४०८ वटा बोका तथा गोरुको बन्ध्याकरण गरिएको छ ।

ट) संघीय विशेष अनुदान कार्यक्रम अन्तर्गत १६ वटा बाखा खोर निर्माण, २६ गोटा उन्नत जातको बिउ बोका वितरण कार्यक्रम सम्पन्न गरिएको छ ।

ठ) १६२ वटा घरपालुवा तथा सामुदायिक कुकुर बिरालोमा रेबिज रोग विरुद्धको भ्याक्सिन लगाइएको छ । जसबाट रेविज रोग नियन्त्रणमा टेवा पुग्ने अपेक्षा गाउँपालिकाले राखेको छ ।

ड) आ.व.२०८२/०८३ मा १३ वटा नयाँ व्यावसायिक फर्म दर्ता तथा ६२ वटा फर्महरु नविकरण गरिएको छ ।

ढ) भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको आयोजना र बडीकेदार गाउँपालिकाको सहकार्यमा बडीकेदार गाउँपालिका वडा नं १ देवलीमा एक दिने निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन भएको छ ।

ण) पशु सेवा शाखा र प्रत्येक वडामा रहेका सामुदायिक पशु सेवाकेन्द्र बाट पशुपन्छी उपचारका लागि आवश्यक औषधि वितरण तथा पशुपालन अभ्यास सम्बन्धि परामर्श प्रदान गरिएको छ ।

त) त्यैगरी आयुर्वेद तर्फ नियमित रुपमा बिरामी जाँच तथा औषधि वितरण संचालन, स्तनपायी आमालाई सतावरी चुर्ण वितरण, जेष्ठ नागरिकहरुलाई अश्वगन्धा चुर्ण वितरण, पंचकर्म अन्तर्गत सर्वाङ्ग र एकाङ्ग स्वेदन, आयुर्वेद स्वास्थ्य परामर्श प्रदान, विभिन्न विद्यालयमा आयुर्वेद तथा योग

बडीकेदार गाउँपालिका
गाउँपालिकाको कार्यालय
बडीकेदार, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल



लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउँद
अध्यक्ष

सम्बन्धि कार्यक्रम, हरेक महिनाको २, १६ र १७ गते गाउँघर क्लिनिक र नागरिक आरोग्य केन्द्र संचालन भइरहेको छ ।

थ) चालु आवमा २१ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र, ११ जना शारिरीक अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग सामाग्री तथा७ जना दृष्टिविहिन भएका अपाङ्गता व्यक्तिहरुलाई सेतो छडी वितरण गरिएको छ ।

द) जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत चिसो बाट बच्नको लागी पालिकाभित्रका ९१ जना जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

ध) ५४ जना स्वयमसेविकालाई झोला, छाता र सल वितरण गर्ने कार्य भएको छ ।

न) लागुपदार्थ दुर्व्यसनी सम्बन्धि छाउपडी, वाल विवाह न्युनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम बछैंन मा.वि. मा सम्पन्न भएको छ ।

ऩ) लक्षित वर्गको कार्यक्रम अन्तर्गत ५२ जना लक्षित वर्ग भित्र पर्ने दलित, जनजाती, एकल महिला विपन्न वर्गहरुलाई बाखा वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

प) २७ जना लक्षित वर्ग भित्र पर्ने ब्यक्तिहरुलाई कर्कट पाता (टिन) वितरण गरिएको छ ।

फ) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत बडीकेदार गाउँपालिकामा पाँचै वटा वडामा नौ वटा योजना सम्पन्न गरी भुक्तानी प्रक्रियामा रहेको छ ।

ब) उक्त कार्यक्रमबाट २३८ मिटर सडक सोलिङ्ग गर्ने काम, १५.६ किलो मिटर पैदलमार्ग निर्माण, १५ मिटर पर्खाल निर्माण, १५० मिटर विद्यालयको घेरवार निर्माण, २०० मिटर पाइपलाईन खोदान र ११३ वटा जाली भरान गर्ने कार्य सम्पन्न गरिएको छ ।

भ) स्थानीय तहमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुसंग वैदेशिक रोजगारी सम्बन्धि अभिमुखिकरण कार्यक्रम र सुरक्षित आप्रवासन सामी कार्यक्रमको (चौथो) चरणको कार्यान्वयन मोडालिटी सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

म) यस कार्यक्रम अन्तर्गत बडिकेदार गाउँपालिकामा आ.व २०८३/०८४ मा ३३३ जना बेरोजगार व्यक्ति (EMIS) मा सुचिकृत भएका छन् ।

य) पालिका स्तरमा रोजगार सम्बाद मञ्च कार्यक्रम सम्पन्न गरिएको छ ।

र) वडीकेदार गाउँपालिका भित्र विभिन्न वडामा कुल १९ जना मानसिक स्वास्थ्य सम्बन्धी समस्या भएका व्यक्तिहरुको पहिचान गरी मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ ।

ऱ) त्यसैगरी शिक्षा तर्फ गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ६-८ मा विषयगत शिक्षक व्यवस्थापन गर्न अनुदान व्यवस्थापन गरिएको छ ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउँद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बडीकेदार, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

ल) गाउँपालिकाको १० बर्षे शिक्षा योजनालाई कार्यान्वयनयोग्य र आवश्यकतामा आधारित बनाउनको शिक्षा योजना अद्यावधिक गर्ने कार्य भएको छ ।

) विद्यार्थी प्रतिभाको पहिचान र विकास गर्न वडा र पालिकास्तका खेलकुद कार्यक्रम सञ्चालन गर्ने कार्य सम्पन्न गरिएको छ ।

) बडीकेदार गाउँपालिकाको हाम्रो बडीकेदार सेरोफेरो नामक स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक छपाई गर्ने कार्य सम्पन्न गरिएकोछ ।

व) आधारभूत तह उत्तीर्ण कक्षा ८ को बार्षिक परीक्षा सञ्चालन सम्बन्धी कार्य सम्पन्न गरिएको छ ।

श) पालिकामा एक वडा एक आवासीय विद्यालयको अवधारणा कार्यक्रम अगाडि बढाउन वडा नं. १ को दुर्गा मा.वि. देवली, वडा नं. ३ वीरेन्द्र मा.वि. घांगल र वडा नं. ५ मेलघडी आ.वि अत्तरकाँडालाई आवासीय विद्यालय सञ्चालको अनुमति प्रदान गरिएको छ ।

ष) पालिकामा सञ्चालित १५ विद्यालयमा वृहत विद्यालय सुरक्षा तथा विपद् प्रतिकार्य योजना सम्बन्धी क्षमता विकास र विद्यालयको विपद् प्रतिकार्य योजना निर्माण गर्ने कार्य सम्पन्न भएकोछ ।

स) पालिकामा सञ्चालित सबै विद्यालय तथा बालविकास केन्द्रको लागि बार्षिक कार्यक्रम कार्यविधी २०८२ ले निर्दिष्ट गरेका विद्यालय दिवाखाजा, निःशुल्क पाठ्यपुस्तक अनुदान, विद्यालय सञ्चालन व्यवस्थापन अनुदान, शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित अनुदान, प्रति विद्यार्थी लागतको आधारमा दिइने अनुदान, स्यानिटरी प्याड विवतण र छात्रवृत्ति विवरण लगायतका विभिन्न अनुदानहरु नियमानुसार विद्यालयलाई वितरण गर्ने कार्य गरिएको छे ।

ह) गाउँपालिकाको कार्यालयमा केन्द्रिकृत विद्युतीय हाजिर जडान गरि कर्मचारीहरुको हाजिर अभिलेख विद्धुतीय प्रणाली मार्फत रेकर्ड गरिएको छ । वडाहरुमा विस्तार गर्ने नीति रहेको छ । साथै गाउँपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्र जडान गर्ने काम सम्पन्न भएको छ ।

कक) अनौपचारिक भू-सम्वन्ध सूचना प्रणाली (NALCIS) मा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको कुल ३४९ वडा आवेदनहरु प्रबिष्ट गरिएको छ ।

खख) गाउँपालिकाको कार्यालयमा उच्च गतिको फाइवर ईन्टरनेट जडानका लागि नेपाल टेलिकम संग आवश्यक समन्वय गरिएकोछ ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत



भैरव बहादुर साउँद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बयली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

गग) गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा राजश्व संकलन कार्य पूर्ण रुपमा डिजिटल प्रणाली मार्फत गरिएको छ ।

घघ) स्वास्थ्य तर्फ मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले नियमित रुपमा सुविधा उपलब्ध गराइएको छ ।

ङङ) स्वास्थ्य चौकीहरुको स्वास्थ्य गुणस्तर समबन्धी को न्युनतम सेवा मापदण्ड कार्यक्रमको समिक्षा गरिएको छ ।

चच) पालिका भरिका १० बर्षका किंशोरीहरुलाई तथा कक्षा ६ का १४८ जना छात्रालाई नियमित पाठेघरको मुखको क्यान्सर विरुद्ध HPV खोप लगाइएको छ । पुर्ण खोप सुनिश्चता तथा दिगोपना वार्ड तथा पालिका घोषणा गरिएको छ।

छछ) सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत ९ वटा बर्थिङ सेन्टरबाट १०६ जना संस्थागत सुत्केरीलाई उपाध्यक्ष कोसेली कार्यक्रम अन्तर्गत ४५ वटा अण्डा वितरण गरिएको छ ।

जज) अध्यक्षको चाहना स्वस्थ निरोगी गाउँघर चिकित्सक कार्यक्रम अन्तर्गत वडा नं ४ र ५ मा स्वास्थ्य शिविर संचालन भएको छ ।

झझ) वडा नं. ५ को केदारेश्वर मा.वि. मा विशेषज्ञ चिकित्सकद्वारा नाक, कान र आखा शिविर संचालन गरिएको छ । जसबाट कुल २३४ जनाले स्वास्थ्य सेवा लिएका छन ।

ञञ) महिला स्वास्थ्य स्वयंसेविकालाई पोशाक वाफत १० हजारका दरले तथा चाडपर्व वाफत ५ हजारका दरले सुविधा प्रदान गरिएको छ ।

टट) समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग शिविर संचालन गरि समुदायमां रहेका व्येक्तिहरुको सुगर, पिसाब र प्रेसर जाँच गरी बिरामी पत्ता लागेका व्यक्तिहरुलाई उपचारको दायरामा ल्याई उनीहरुको स्वास्थ्य सेवा सुधार तथा औषधी उपचारमा नियमितता गराईएको छ ।

ठठ) पूर्वाधार विकास तर्फ गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

डड) दश शैया आधारभूत अस्पतालको ८० प्रतिशत कार्य सम्पन्न भएको छ । त्यसैगरी केदार ज्योतीपुञ्ज बहुमुखी क्याम्पसको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

ढढ) लामो समयदेखि खानेपानीको अभाव रहेको क्षेत्र काउले बजारमा खानेपानी योजना सम्पन्न भई योजना सुचारु भएको छ । त्यसैगरी बगड खानेपानी निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउँद
अध्यक्ष



Scanned with CamScanner

ण) घाङ्गलेबाट बयलगाउँ वस्तीमा पहिलो पटक सडक सञ्जालसँग जोडिएको छ । वडीकेदार र बोगटान जाने छोटो सडक र जिमडे सडक गाउँपालिकाको मुख्य सडक सञ्जालसँग जोडिएको छ ।

त) उपभोक्ता समिति तर्फ अधिकांश योजनाहरु सम्पन्न भई भुक्तानीको प्रक्रियामा रहेका छन ।

थ) योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्ने गराउने नीतिको कार्यान्वयन गरिएको छ ।

१२. उल्लेखित कार्य प्रगति हुँदाहुँदै पनि बडीकेदार गाउँपालिका विकासका लागी विभिन्न समस्या चुनौतीहरु विद्यमान छन । नागरिकका दैन्दिनी आवश्यकता बढिरहेका छन् । स्रोतसाधनहरु सीमित छन् । भौगोलिक, हावापानी, साँस्कृतिक एवम् सामाजिक विशिष्टताका दृष्टिले विविधतायुक्त यो गाउँपालिकामा विकासका दृष्टिले सबै वस्ती र समाज समान रुपमा उन्नत छैनन् । कठिन भुगोल र तुलनात्मक रुपमा जोखिम युक्त क्षेत्रमा आवागमनमा असहजता, निर्माणको दृष्टिले बढी खर्चिलो र प्राकृतिक दृष्टिले जोखिमयुक्त छ । वडीकेदार गाउँपालिकाको समग्र विकासको सन्दर्भमा चालु आर्थिक वर्ष २०८२/८३ मा देखिएका समस्या तथा चुनौतीहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहान्छु ।

क. स्थानीय स्रोतबाट आम्दानी पर्याप्त नभएको र विकास योजना तर्जुमा गर्दा साना साना टुक्रे आयोजनाहरु बनाउने र स्रोतलाइ छरपष्ट पारिने प्रवृतिले समग्रमा अनुभवयोग्य कुनै परिवर्तन नहुने समस्या रहेको छ । स्रोतलाई एकीकृत गरी ठुला एवं लाभयुक्त आयोजनाहरु तर्जुमा गरी नागरिकले प्रत्यक्ष अनुभव गर्नसक्ने विकास कार्यक्रम कार्यान्वयन गरी समाजमा रोजगारी सृजना र सामाजिक एवं आर्थिक विकासमा टेवा पुर्याउनु चुनौतिपुर्ण देखिन्छ ।

ख. सडक पुल जस्ता भौतिक संरचना निर्माणमा जंगगाको विषयमा विवाद हुने, लाभग्राहीबाट योगदान गर्न नचाहने प्रवृतिले विकासका कार्यमा अवरोध पुग्न सक्ने देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित आयोजनाहरुमा निर्माण सम्बन्धी विशिष्ठ ज्ञान र उपकरण नहुँदा निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टर मार्फत कार्य गर्ने प्रवृतिले निर्माणमा अस्वस्थ प्रतिष्पर्धा सृजना हुने र सुशासन कायम गर्न थप चुनौति बढेको छ ।

ग. उपभोक्ता समितिबाट कार्यान्वन हुने आयोजनाहरुको सन्दर्भमा उपभोक्ता समितिहरुको दक्षताको अभावका कारण उपभोक्ता समितिहरु समयमा योजना सम्झौता गर्न नआउने, आयोजनाहरु समयमै कार्यान्वयन नहुने र आर्थिक वर्षको अन्त्य सम्म



लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

आयोजना सञ्चालन गरी आषाढ मसान्तमा भुक्तानि लिन आउने प्रवृति, उपभोक्ता समितिमा वर्षौं देखि एकै व्यक्तिको उपस्थितिले अन्य उपभोक्ताले अवसर नपाउने र सार्वजनिक परीक्षणको प्रावधानको उचित कार्यान्वन नगर्ने प्रवृतिले आर्थिक अनुशासन कमजोर भई स्रोत दुरुपयोग हुने सम्भावना बढ्ने गरेको छ । उपभोक्ता समितिको क्षमता विकास सार्वजनिक परीक्षणलाई प्रभावकारी गराउन पनि चुनौतिपुर्ण रहेको छ ।

घ. उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा मेसिन मार्फत निर्माण कार्य गर्ने प्रवृतिले वास्तविक उपभोक्ता समितिको उद्देश्य बमोजिम हुन सकेको छैन । यसलाई व्यवस्थापन गर्नु चुनौतिपूर्ण छ ।

ङ. चालु खर्च धेरै र पूँजिगत खर्च न्यून हुँदा विकास निर्माण कार्यलाई अपेक्षाकृत बनाउन चुनौतिपूर्ण छ ।

च. आन्तरिक आय न्यून हुँदा संघीय तथा प्रादेशिक अनुदानका भरमा गाउँपालिका सञ्चालन हुने हुँदा नयाँ कार्यक्रम सोच र उद्देश्यको कार्यान्वयन गर्न निकै नै चुनौतिपूर्ण रहेको छ ।

भाध्यक्ष महोदय,

ब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमका उद्देश्य एवं प्राथमिकता स्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन ।

क) सामाजिक, आर्थिक र गुणस्तरीय भौतिक पूर्वाधारको विकास मार्फत समृद्ध बडीकेदार निर्माण गर्ने तर्फ केन्द्रित हुने ।

ख) समाजमा रहेका कुरीति, विसंगतीको अन्त्यका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने ।

ग) व्यवस्थित तथा सुलभ स्वास्थ्य सेवा र गुणस्तरीय सामुदायिक शिक्षामा जोड दिने ।

घ) शिक्षा, स्वास्थ्य लगायत रोजगारी सिर्जना गर्ने क्षेत्रलाई प्राथमिकतामा राखे ।

ङ) समग्र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउदै सेवा प्रवाहलाई प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउने ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर ...
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

१३. उल्लेखित बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

क) शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जना,

ख) कृषि, पशु विकास तथा बाँझो जमिनको प्रयोग,

ग) सामाजिक सद्भाव, सहकार्य र एकतासँगै सभ्य समाज निर्माण,

घ) गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,

ङ) वातावरण संरक्षण तथा विपद व्यवस्थापन,

च) मानव संसाधन विकास तथा सेवा प्रवाहमा सहजता,

छ) प्राप्त योजना तथा कार्यक्रमको समयमै कार्यान्वयन ।

ज) चालु आर्थिक बर्षमा सम्पन्न हुन नसकेका भौतिक निर्माण लगायतका अन्य योजनाहरुको निरन्तरता ।

झ) गुणस्तरीय तथा पहुंचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शी एवं खुला सरकारको नीतिलाई थप व्यवस्थित गर्ने कार्य ।

आगामी वर्षको क्षेत्रगत बजेट विनियोजन गर्दा आर्थिक पुनरुत्थान हुने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक बर्षमै सम्पन्न हुने, चालु आयोजनाहरुको कार्यान्वयन निरन्तरता सुनिश्चित गर्ने सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग उच्चतम समन्वय र सहकार्य गर्ने तथा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ जोड दिइएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म यिनै उद्देश्य, चुनौती र प्राथमिकताका आधारमा बडीकेदार गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि तयार पारिएको वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बडीकेदार गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को लागि संघ, प्रदेश तथा गाउँपालिकाको आन्तरिक आम्दानीबाट प्राप्त स्रोतको अनुमान तपसिल बमोजिम कायम हुन आएको छ ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउँद
अध्यक्ष

तपसिलः

| सि.नं. | तह | विवरण | प्राप्त रकम रु लाखमा |
|---|---|---|---|
| | नेपाल सरकार | समानीकरण अनुदान रकम | ९ करोड २४ लाख |
| | | राजस्व बाँडफाँट | १० करोड ८३ लाख ११ हजार |
| | | सशर्त अनुदान चालु | १८ करोड ६९ लाख |
| | | सशर्त अनुदान पुँजीगत | ५० लाख |
| | | समपुरक अनुदान रकम | १ करोड १५ लाख |
| | | विशेष अनुदान | १ करोड |
| कुल जम्मा प्राप्त अनुदान रकम रु. | | | ४१ करोड ४१ लाख ११ हजार |
| १ | सुदूरपश्चिम प्रदेश | समानीकरण अनुदान रकम | ७६ लाख ५९ हजार |
| २ | | सवारी साधन कर | ३५ लाख ८३ हजार |
| ३ | | सशर्त अनुदान पुँजीगत | ३ करोड ७८ लाख |
| ४ | | समपुरक अनुदान रकम | ८५ लाख ९३ हजार |
| ५ | | विशेष अनुदान | ६६ लाख ५० हजार |
| कुल जम्मा प्राप्त अनुदान रकम रु. | | | ६ करोड ४२ लाख ८५ हजार |
| १ | बडीकेदार गा. पा. | आन्तरिक आम्दानी | १ करोड |
| २ | | अल्या रकम | १ करोड ९९ लाख ४२ हजार |
| कुल जम्मा प्राप्त अनुदान रकम रु. | | | २ करोड ५० लाख |
| १ | सामाजिक सुरक्षा भत्ता तर्फ (अनुमानित) | | ५ करोड ९२ लाख |
| २ | लक परियोजना | | २ करोड ५७ लाख ७२ हजार |
| ३ | युनिसेफ सहायता (WASH) | | ३ लाख ८२ हजार |
| | अनुमानित कुल जम्मा बजेट रकम रु. | | ५९ करोड ३६ लाख ९२ हजार |

जसमध्ये बाडँफाटँ गर्न मिल्ने रकम देहाय बमोजिम रहेको पाइयो ।

तपसिलः

| सि.नं. | तह | विवरण | प्राप्त रकम रु लाखमा | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल सरकार | समानीकरण अनुदान रकम | ९ करोड २४ लाख | |
| | | राजस्व बाँडफाँट | १० करोड ८३ लाख ११ हजार | |
| २ | सुदूरपश्चिम प्रदेश सरकार | समानीकरण अनुदान रकम | ७६ लाख ५९ हजार | |
| | | सवारी साधन कर | ३५ लाख ८३ हजार | |

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडीकेदार, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

भैरव बहादुर साउँद
अध्यक्ष



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| . | बडीकेदार गाउँपालिका | आन्तरिक आम्दानी | १ करोड | |
| | | अल्या रकम | १ करोड ९९ लाख ४२ हजार | |
| डफाँट गर्न मिल्ने कुल जम्मा बजेट रकम रु. | | | २४ करोड १८ लाख ९५ हजार | |

माथि उल्लेखित बाँडफाँट गर्न मिल्ने रकमलाई देहायबमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट सिलिङ्ग विनियोजन गर्ने ।

<u>तपसिल:</u>

| सि.नं. | खर्च शीर्षक | बजेट सीमा रु. | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाको अनिवार्य दायित्वका शीर्षकहरु (पारिश्रमिक, जनप्रतिनिधि सेवा सुविधा, पानी, बिजुली, सञ्चार, कार्यालय मसलन्द, इन्धन लगायत) | ११ करोड ५० लाख २९ हजार ४ सय | |
| २ | विभिन्न अनिवार्य दायित्वका कोषहरु | २ करोड २३ लाख १८ हजार ६ सय | |
| २ | वडा सिलिङ्ग तर्फ कुल विनियोजित रकम रु. | २ करोड २५ लाख | |
| | १ नं. वडा कार्यालय | ४५,००,०००।- | |
| | २ नं. वडा कार्यालय | ४५,००,०००।- | |
| | ३ नं. वडा कार्यालय | ४५,००,०००।- | |
| | ४ नं. वडा कार्यालय | ४५,००,०००।- | |
| | ५ नं. वडा कार्यालय | ४५,००,०००।- | |
| ३ | विषयगत समिति/शाखा तर्फ | ५ करोड ७९ लाख ९२ हजार | |
| | क) सुशासन तथा संस्थागत विकास समिति | ११,००,०००।- | |
| | १. न्यायिक समिति | ९,००,०००।- | |
| | २. पञ्जीकरण तथा सामाजिक सुरक्षा | २,००,०००।- | |
| | ख) पूर्वाधार विकास समिति | ५,००,०००।- | |
| | १. सूचना प्रविधि शाखा | ५,००,०००।- | |
| | ग) सामाजिक विकास समिति | ४,९९,९५,०००।- | |
| | १. स्वास्थ्य | १,९१,८१,०००।- | |

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर राउत
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | २. शिक्षा, युवा तथा खेलकुद | २,८०,१४,०००।- | |
| | ३. आयुर्वेद | ३,००,०००।- | |
| | ४. बहुक्षेत्रीय पोषण कार्यक्रम | ३,००,०००।- | |
| | ५. महिला बालबालिका | १५,००,०००।- | |
| | ६. खानेपानी तथा सरसफाई | ७,००,०००।- | |
| | घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | १५,००,०००।- | |
| | १. विपद् व्यवस्थापन कोष | १५,००,०००।- | |
| | ङ) आर्थिक विकास समिति | ६३,९७,०००।- | |
| | १. कृषि विकास शाखा | १३,५०,०००।- | |
| | २. पशु विकास शाखा | १७,००,०००।- | |
| | ३. उद्योग विकास शाखा | १०,००,०००।- | |
| | ४. राजस्व | ३,००,०००।- | |
| | ५. राष्ट्रिय रोजगार कार्यक्रम | १५,४७,०००।- | |
| | ६. सहकारी | ५,००,०००।- | |
| ४ | गत आवमा सम्पन्न हुन नसकेका योजनाहरुको दायित्व सारिएको | २,४०,५५,०००।- | |
| कुल जम्मा विनियोजन रकम रु. | | २४ करोड १८ लाख ९५ हजार | |

सभाध्यक्ष महोदय,

जसमध्ये मुख्य क्षेत्रगत विनियोजन देहाय बमोजिम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. गाउँपालिका करार शिक्षक तथा बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको थप तलब भत्ता समेतका लागि रु.२ करोड ७ लाख १७ हजार ७ सय ४० रुपैया विनियोजन गरेको छु ।

२. जिल्ला तथा पालिकास्तरमा हुने राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि रकम रु.९ लाख ५० हजार विनियोजन गरेको छु ।

३. वडा स्तरीय खेलकुद प्रतियोगिताका लागि रु.५ लाख विनियोजन गरेको छु ।



लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउँद
अध्यक्ष

Scanned with CamScanner

४. कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

५. शुन्य वा एक दरवन्दी भएका आधारभूत तह (कक्षा ६-८) शिक्षण सहयोग अनुदानका लागि रकम रु. २० लाख विनियोजन गरिएको छ ।

६. कक्षा ८ र माध्यमिक शिक्षा परीक्षामा पालिकास्तरमा उत्कृष्ट नतिजा हासिल गर्ने परिक्षार्थीका लागि बडीकेदार उत्कृष्ट प्रतिभा पुरस्कार प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

७. आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

८. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक छपाईका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

९. बालबिकास सहजकर्तालाई मन्टेश्वरी तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१०. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम लगायत विभिन्न दिवश तथा समारोहका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

११. ज्येष्ठ नागरिक सम्मान कार्यक्रमका लागि रकम रु. २ लाख विनियोजन गरेको छ ।

१२. अपाङ्गता भएका व्यक्तिहरुका लागि हक अधिकार र सेवासुविधा सम्बन्धी सचेतनामूलक कार्यक्रम तथा सहायता सामग्री खरिद समेतका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१३. नर्सिङ्ग कर्मचारीको रात्री भत्ता तथा गाउँघर क्लिनिक र खोप क्लिनिक सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१४. उपाध्यक्ष कोसेली कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१५. आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाहरुका लागि आवश्यक पर्ने औषधी खरिद तथा ढुवानीका लागि रु. १० लाख विनियोजन गरेको छ ।

१६. अध्यक्षको चाहना स्वस्थ निरोगी गाउँघर चिकित्सक कार्यक्रमका लागि स्वास्थ्य शिविर सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

१७. स्वास्थ्य तर्फ करार कर्मचारीहरुको तलब भत्ता, पोशाक र चाडपर्व समेत तथा महिला स्वयंसेविकाका लागि चाडपर्व सुविधाका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत



भैरव बहादुर साउँद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घटकुली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

१८.पूर्ण सरसफाई, व्यवहार परिवर्तन तथा वातावरणीय सरसफाई सम्बन्धी सचेतनामूलक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१९.एनवास एप्लिकेशन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

२०.उत्पादन उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी सीप विकास उद्यमशीलता प्रवर्द्धन पनुः एकीकरण सम्बन्धी क्रियाकलापका लागि पालिकाबाट शत प्रतिशत साझेदारीमा सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

२१.वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई मागमा आधारित उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

२२.सामुदायिक स्तरमा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुसँग मनोपरामर्श सेवा प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

२३.बडीकेदार गाउँपालिका भित्रका पशुपंक्षीको उपचार लगायतका लागि औषधी खरिद तर्फ आवश्यक बजेट विनियोजन गरेको छ ।

२४.रेविज रोग नियन्त्रणका लागि रु.१ लाख विनियोजन गरेको छ ।

२५.पशुपंक्षी उपचार तथा पशुपालनलाई प्रवर्द्धन गर्नका लागि घुम्ती शिविर सञ्चालन गर्न रु. ४ लाख विनियोजन गरेको छ ।

२६.सहकारी प्रवर्द्धन कार्यक्रम लगायत क्षमता विकास तथा अनुगमन मूल्याङ्कन समेतका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छ ।

२७.उन्नत जातको वेमौसमे तरंकारीको विउविजन खरिद तथा वितरणका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ ।

२८.मागमा आधारित कृषि विकास कार्यक्रमका लागि रु. २ लाख ५० हजार विनियोजन गरिएको छ ।

२९.वैदेशिक रोजगारबाट फर्केका युवा तथा अन्य नागरिक समेतका लागि बाझो जमीनमा खेति कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

३०.गाउँपालिका भित्रका सडक वर्षातका कारणले अवरुद्ध हुने अवस्था हटाई स्थानीय सडक सुचारु गर्नका लागि सफाई तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउँद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बढौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

३१.गाउँपालिकामा रहेको एक्साभेटर सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

३२.लघु उद्यम विकास क्षेत्र तर्फ मागमा आधारित सीपमुलक तालिम सञ्चालन गर्न रु. १० लाख बजेट विनियोजन गरेको छ ।

३३.बडीकेदार मन्दिरमा टहरा निर्माणका लागि रु.१० लाख बजेट विनियोजन गरेको छु ।

३४.पाँच वटै वडा तर्फका योजना तथा कार्यक्रम र प्रशासनिक खर्च समेतका लागि रु. २ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

३५.पाँच वटै विषयगत समिति तर्फका योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि रु. ५ करोड ४१ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

३६.त्यसैगरी विपद् व्यवस्थापन कोष सञ्चालनका लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु ।

३७.संघ तथा प्रदेश समपुरक योजनासँग साझेदारी तथा अन्य कार्यक्रममा समेत आवश्यक साझेदारी गर्नका लागि समपुरक कोषमा रु.३ करोड विनियोजन गरेको छु ।

३८.न्यायिक समितिको सञ्चालन तथा व्यवस्थापनका लागि रु. ९ लाख बजेट विनियोजन गरेको छु ।

३९.आगामी आर्थिक वर्षको २०८३/०८४ को श्रावण १ गतेदेखि लागू हुने गरी गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको संघीय बजेट वक्तव्यमा घोषणा भएबमोजिमको १० प्रतिशत तलब वृद्धि गरी सो रकममा १० प्रतिशत थप प्रोत्साहन भत्ता यथावत कायम गरिएको छ । साथै गाउँपालिकाबाट तलब भत्ता पाउने स्वीकृत दरवन्दीभित्र करार सेवामा कार्यरत कर्मचारीहरुको तलब भत्तामा मासिक रकम रु.२ हजारका दरले तलब वृद्धि गरिएको छ ।

सभाध्यक्ष महोदय,

१४.अब म आगामी आर्थिक वर्ष २०८३/८४ मा बडीकेदार गाउँपालिकाको राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१५.आगामी आर्थिक वर्षमा आन्तरिक राजश्व रकम रु. १ करोड हुने चालु वर्षमा नगद मौज्दात र आगामी वर्षमा असुल उपर हुने वेरुजु समेत गरी रु. १ करोड ९९ लाख ४२ हजार रहने गरी गाउँपालिकाको कुल आम्दानी रु. २ करोड ९९ लाख ४२ हजार, वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारको समानीकरण अनुदान ९ करोड २४ लाख, राजस्व बाडफाट १०



लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

भैरव बहादुर साउँद
अध्यक्ष

करोड ८३ लाख ११ हजार, सशर्त चालु तर्फ १८ करोड ६९ लाख, सशर्त पुंजीगत तर्फ ५० लाख, समपुरक अनुदान रु. १ करोड १५ लाख र विशेष अनुदान १ करोड गरी नेपाल सरकारवाट कुल रु. ४१ करोड ४१ लाख ११ हजार तथा सुदूरपश्चिम प्रदेश सरकारवाट समानीकरण अनुदान रकम रु. ७६ लाख ५९ हजार सवारी साधन कर ३५ लाख ८३ हजार, सशर्त पुंजीगत तर्फ ३ करोड ७८ लाख, समपुरक अनुदान ८५ लाख ९३ हजार र विशेष अनुदान रकम रु. ६६ लाख ५० हजार गरी कुल वित्तीय हस्तान्तरण रकम रु. ६ करोड ४२ लाख ८५ हजार र स्थानीय जलवायु परिवर्तन अनुकुलन परियोजना (LACC) को कुल २ करोड ५७ लाख ७२ हजार, युनिसेफवाट वास सहायता अन्तर्गत ३ लाख ८२ हजार र अनुमानित सामाजिक सुरक्षा तर्फ ५ करोड ९२ लाख गरी आगामी आर्थिक वर्ष २०८३/०८४ मा आय तर्फ कुल रकम रु. ५९ करोड ३६ लाख ९२ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

१६. उल्लेखित अनुमानित बजेट मध्ये गाउँपालिकाले विनियोजन गर्न मिल्ने तथा सशर्त, समपुरक र विशेष अनुदान समेतको अन्तिम विनियोजन हेर्दा चालु तर्फ ३९ करोड ६५ लाख १० हजार ८ सय र पुंजीगत तर्फ १९ करोड ७१ लाख ८१ हजार २ सय रकम विनियोजन गरिएको छ । उल्लेखित विषय समेटिएको वार्षिक विकास कार्यक्रमलाई यसैसाथ संलग्न अनुसूचीमा समावेश गरेको छु ।

सभाध्यक्ष महोदय,

१७. अन्त्यमा, बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने विषयगत समितिहरु, राजनीतिक दल, विभिन्न क्षेत्रका विषय विज्ञ, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, मिडियाकर्मी लगायत देश विदेशमा रहनु हुने बुद्धिजीवि तथा विकास विद एवं प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

१८. वडीकेदार गाउँपालिकाको सामाजिक, आर्थिक, एवं भौतिक विकास मार्फत समृद्ध बडीकेदार सुखी बडीकेदारवासी निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०८३/८४ को यस बजेटको कार्यान्यवनमा सरोकारवाला सबै पक्षको रचनात्मक सहयोग तथा सुझाव प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद । नमस्कार ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भैरव बहादुर साउँद
अध्यक्ष

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डोली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

..............................

डम्मरी कुमारी विष्ट कलेल
उपाध्यक्ष
बडीकेदार गाउँपालिका, डोटी

इति सम्बत २०८३ साल असार महिनाको १० गते रोज ४ शुभम् ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

[illegible] साउँद
अध्यक्ष